PUMA SE, PUMA WAY 1, D-91074 Herzogenaurach

FOREVER FASTER PUMA

# आचार संहिता

PUMA मानव अधिकारको सम्मान गर्छ । यो सम्मानले हामी आफूले क्रियाकलाप सञ्चालन गर्ने समाज तथा आपूर्ति चक्रमा पर्ने हाम्रा साझेदारहरूसँग हामी कसरी आबद्ध हुन्छौं भन्ने कुरा परिभाषित गर्छ ।

PUMA वातावरणको सम्मान गर्छ । हामी आफ्नो संगठन तथा आपूर्ति चक्र दुबैले वातावरणमा पार्ने प्रभावलाई व्यवस्थित गर्न, कम गर्न तथा रिपोर्ट गर्न प्रतिबद्ध छौं ।

यी दुई प्रतिबद्धताहरू PUMA को आचार संहितामा सार्वजनिक तथा पारदर्शी रूपले व्यक्त गरिन्छ ।

हाम्रा सबै कर्मचारी, प्रदायक तथा तिनिका ठेकेदारहरूले पूर्ण रूपले यो आचार संहिताको पालना गर्नुपर्छ । मतभेद वा विवाद उत्पत्ति भएमा सबैभन्दा उच्च मापदण्ड लागू हुनेछ ।

## रोजगारी सम्बन्ध

प्रदायक तथा तिनिका ठेकेदारहरूले कामदारलाई सम्मान गर्ने तथा कम्तीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम तथा सामाजिक सुरक्षा कानून तथा नियिमावली

अन्तर्गत उनीहरूलाई प्राप्त हुने अधिकारहरू सुरक्षित गर्ने रोजगारीको नियिम र सर्तहरूको पालना गर्नुपर्नेछ ।

## बाल श्रमको निषेध

प्रदायक तथा तिनिका ठेकेदारहरू 15 वर्ष वा स्थानीय न्यूनतम उमेर वा आधारभूत शिक्षा लिने उमेर मध्ये जुन बढी छ सो उमेर भन्दा कम उमेरका व्यक्तलाई काममा लगाउन पाउने छैनन् ।

## सुरक्षित कार्यस्थल

प्रदायक तथा तिनिका ठेकेदारहरूले अनिवार्य रूपले सबै कर्मचारीलाई सुरक्षित तथा स्वास्थ्यकर कार्यस्थल उपलब्ध गराउनु पर्छ । प्रदायक तथा तिनिका ठेकेदारहरूले अनिवार्य रूपले कार्यस्थलमा हुने दुर्घटना रोक्न सम्भाव्य सबै पूर्व-सावधानी अपनाउनु पर्छ तथा सक्रिय रूपले राम्रो पेसागत स्वास्थ्य तथा सुरक्षा अभ्यासको अवलम्बन गर्नुपर्छ ।

## संगठन तथा सामूहिक मोलतोलको स्वतन्त्रता

प्रदायक तथा तिनिका ठेकेदारहरूलेअनिवार्य रूपले आफ्ना कर्मचारीहरूलाई युनियन वा अन्य काम वा उद्योग सम्बन्धी संगठन बनाउने तथा सामूहिक रूपले मोलतोल गर्ने अधिकार दिनुपर्छ । यी अधिकारहरू दिँदा उत्पीडन, हस्तक्षेप वा प्रतिशोधको त्रास हुनु हुँदैन ।

## भेदभावको निषेध

प्रदायक तथा तिनिका ठेकेदारहरूलेआफ्नो कुनै कामदारलाई भेदभाव गर्नुहुँदैन । धर्म, उमेर, लिङ्ग, गर्भावस्था, वैवाहिक स्थिति, अपाङ्गता, राष्ट्रियता, जात वा जातीय उत्पत्ति, राजनैतिक आस्था वा यौनिक झुकावका वावजुद कर्मचारीहरूसँग सम्मान तथा समानताका साथ व्यवहार गर्नुपर्छ ।

## नैतिक व्यवसायिक अभ्यासहरू

PUMA SE आपूर्ति चक्र वा यसको सञ्चालनमा दुबैमा भ्रष्टाचार सहन गर्ने छैन ।

## मर्यादा तथा सम्मान

PUMA को आपूर्ति चक्रमा उत्पीडन, शारीरिक सजाय तथा शारीरिक, यौनिक, मानसिक तथा मौखिक गालीको सहन गरिने छैन । प्रदायक तथा तिनिका ठेकेदारहरूले कुनै पनि हालतमा बन्धक श्रम वा जबरजस्ती श्रम जस्ता बलपूर्वक गराइने श्रमको प्रयोग गर्नु हुँदैन ।

## उचित तलब

प्रत्येक कामदारसँग आफूले नियमित गरेको काम वापत नजिको आधारभूत आवश्यकता पूरा गर्ने तथा केही निश्चित बचत गर्न पुग्ने तलब प्राप्त गर्ने अधिकार हुन्छ । रोजगारदाताहरूले अनिवार्य रूपले कम्तीमा न्यूनतम ज्याला र चलनचल्तीको ज्याला मध्ये जुन बढी छ सो ज्याला दिनु, ज्याला सम्बन्धी सबै कानून प्रावधानहरूको पालना गर्नु तथा कानून वा करारले अनिवार्य पारेको अन्य सुविधा प्रदान गर्नु पर्नेछ ।

कामदारको आधारभूत आवश्यकता पूरा नहुने तथा निश्चित बचत नहुने अवस्थामा प्रत्येक रोजगारदाताले आफ्ना साझेदारसँग सहकार्य गरेर उचित तलबको स्तर पुग्न सहयोग गर्ने उचित कारबाही गर्नुपर्नेछ ।

## अधिक समय काम गर्न निषेध

प्रदायक तथा तिनिका ठेकेदारहरूका कर्मचारीलाई कुनै पनि हालतमा सामान्यतया हप्तामा काम गर्नु पर्ने समय र स्थानीय श्रम ऐनले अधिकार दिएको ओबरटाइम भन्दा बढी काम गर्न बाध्य पारिनु हुँदैन । हप्तामा बढीमा 48 घण्टा भन्दा बढी काम लगाउन हुँदैन र एक दिनको छुट्टी दिनु पर्छ ।

अपवादमा बाहेक, नियमित काम र ओबरटाइम गरेर हप्तामा 60 घण्टा भन्दा बढी काम गराउनु हुँदैन । ओबरटाइम ऐच्छिक हुनुपर्छ तथा सो वापत नियमित दरभन्दा बढी ज्याला प्रदान गरिनु पर्छ र नियमित रूपमा ओबरटाइम गर्न लगाउनु हुँदैन ।

## वातावरणको सम्मान

प्रदायक तथा तिनिका ठेकेदारहरूले अनिवार्य रूपले स्थानीय वातावरण सुरक्षा कानुन र अन्तर्राष्ट्रिय उद्योग मापदण्ड मध्ये जुन उच्च छ त्यसको पालना गर्नुपर्नेछ । सबै प्रदायक तथा तिनिका ठेकेदारहरूले अनिवार्य रूपले आफ्नो क्रियाकलापले वातावरणमा गरेको प्रभावको मापन गरेर सो प्रभावलाई नियमित रूपले कम गर्नुपर्छ ।

| क्षेत्र | टेलिफोन | भाषाहरू |
|---|---|---|
| दक्षिणपूर्व एसिया | +84 989385612<br>+628 11 227 2143 | |
| दक्षिण एसिया | +880 1708469256 | |
| पूर्व एसिया | +86 13622884924 | |
| अमेरिकी | +503 77871132 | |
| युरोप, मध्य पूर्व तथा अफ्रिका | +49 15114743876<br>+90 532 483 6685 | |

**प्रदायक तथा तिनिका ठेकेदारहरू नजिहरूको व्यवसायिक अभ्यासहरूको जाँच हुनेछ भन्ने कुरामा राजी छन् । PUMA ले सबै ठेकेदारहरूलाई अधिकार दिनु पर्नेछ तथा यो आचार संहिता सबैले ठेकेदारहरूले पालन गरून् भन्ने कुरा सुनिश्चित गर्ने उत्तरदायित्व भनेको प्रदायकको हो ।**

**PUMA SE सँग यो आचार संहितको उल्लंघन गर्ने कम्पनीसँग व्यवसाय गर्ने रोक्ने अधिकार हुन्छ ।**

**यो आचार संहिता तथा यसको कार्यान्वयन सम्बन्धी सबै सोधपुछ, उजुरी तथा सल्लाहहरूलाई sustain@puma.com मा पठाउनु होस् वा आफ्नो स्थानीय PUMA दिगोपना टोलीलाई सम्पर्क गर्नुहोस् ।**

V. 06. 2016